# श्री सर्वोच्च अदालतमा चढाएको

## निवेदनपत्र

विषय: उत्प्रेषण लगायत जो चाहिने आज्ञा आदेश पुर्जी जारी गरी पाऊ ।

ल पु जि ल पु न पा वा नं. २ सानेपा बस्ने, कालुमुनी
शाक्यकुको नाती डा. जनकदेव शाक्यको छोरा वर्ष ५६
को हितेन्द्र देव शाक्यको वारीस का जि का म न पा वा नं
२९ वस्ने वर्ष ५२ को प्रेम कुमार काफ्ले ...(९८४१८८०६१४)............रिटनिवेदक

विरुद्ध

नेपाल सरकार मन्त्रिपरिषद तथा प्रधान मन्त्रीको कार्यालय , सिंह दरवार काठमाण्डौ............... ............ ............ ............ ............ ............१

उर्जा जलश्रोत तथा सिंचाई मन्त्रालय, सिंह दरवार काठमाण्डौ .................१

माननिय मन्त्री, उर्जा जलश्रोत तथा सिंचाई मन्त्रालय सिंह दरवार काठमाण्डौ ... ............ ............ ............ ............ ...........................१

सचिव उर्जा जलश्रोत तथा सिंचाई मन्त्रालय सिंह दरवार काठमाण्डौ..........१ प्रत्यर्थी

नेपाल विद्युत प्राधिकरण संचालक समिति रत्न पार्क, काठमाडौं.........१

जि रामेछाप वेथान गाउपालिका वा नं ७ स्थायि घर भै नेपाल विद्युत प्राधिकरण रत्नपार्क काठमाडौंमा कानून प्रतिकुल कार्यकारी निर्देशक पदमा नियुक्त भएका भनिएका वर्ष अं ५४ को कुलमान घिसिङ.....९८५१०८८८८४.......१



Scanned with CamScanner

जल तथा उर्जा आयोगको सचिवालय सिंहदरवार काठमाण्डौ .......................१

म निवेदक निवेदन दस्तुर रु.५०० यसै साथ संलग्न राखी संविधानको धारा १३३ को उपधारा(२)र(३)एवं सर्वोच्च अदालत नियमावलीको नियम ३२(१) बमोजिम निम्नलिखित व्यहोराको निवेदन गर्दछु:

१. मेरो निवेदनको पृष्ठभूमी तथ्य यसप्रकार छ:

१.१म निवेदक १९८८ मा कोलम्बो प्लान अन्तरगत छात्रवृत्तीमा भारतबाट इन्जीनियरीङ विषयको स्नातक उपाधि प्राप्त गरी २००५ मा काठमाण्डौ विश्वविद्यालयबाट सोही विषयमा स्नातकोत्तर गरेको व्यक्ती हुं । सो को अतिरिक्त निवेदकले १९९९ मा नर्वे बाट विद्युतिय इन्जिनियङ संग सम्बन्धीत पोष्टग्राजुयेट डिप्लोमा समेत गरेको छु ।

१.२ मैले २०४५ सालको भाद्र महिनामा विपक्षी प्राधिकरणको सेवामा सातौ तहको इन्जीनियर पदमा अस्थायि नियुक्ती प्राप्त गरेकोमा २०४७ साल कार्तिकमा स्थायि नियुक्ती प्राप्त गरेको थिएं । २०५२ साल माघमा खुल्ला प्रतियोगितामा संलग्न भै निवेदक आठौ तहको सहायक प्रबन्धक पदमा बढुवा भएको थिएं । तत्पश्चात क्रमश: २०६० मंसीरमा नवौतह, २०६५ श्रावणमा दशौतह र २०६९ कार्तिक महिनामा एघारौतहको निर्देशक र २०७४ माघ महिनामा बाह्रौ तहको बरिष्ठ उपकार्यकारि महानिर्देशक पदमा बढुवा पाएको थिएं।

१.३ प्राधिकरणको बरिष्ठ उपकार्यकारि महानिर्देशकको रुपमा कार्यरत रहंदा निवेदकलाई २०७४ सालदेखी प्राधिकरणकै स्वामित्वमा स्थापित **NEA Engineering Company** मा कार्यकारी निर्देशक पदमा काजमा खटाईएको थियो । निवेदकको कार्यकालमा निवेदक एक जना मात्रबाट काम शुरु गरेको कम्पनीमा निवेदकले एकबर्ष भित्रमा नै उपलव्ध रहेका नेपाली जनशक्तीको



Scanned with CamScanner

पहिचान गरी १०० जना कर्मचारी भएको सुदृढ संगठनको रुपमा विकशित गर्ने काम गरेको थिएं ।पहिलो बर्षमै उक्त कम्पनी मुनाफामा गएको थियो र २५ भन्दा बढी विद्युत आयोजनाको डिजाईनमा संलग्न हुन सकेको थियो । स्थापनाको ३ बर्षको अवधि भित्र उक्त कम्पनीले ११ मेगावाटको ४ वटा परियोजनाको विस्तृत डिजाइन कार्य समेत सफलतापुर्वक सम्पन्न गरेको छ । सो वाहेक निवेदकले प्राधिकरणको सेवाको क्रममा सम्पन्न गरेका कार्यहरुको ठुलो सूची छ । निवेदकले आफ्नो सेवा अवधि भरी कुनै पनि विभागीय कार्वाही वा अन्य प्रशासकिय कारवाही भोग्नु परेको छैन । ३२ बर्षको सेवा अवधिमा निरन्तर बढुवा र प्रशंसा प्राप्त गरेको छु ।

१.४ नेपाल सरकार मन्त्री परिषदले मिति २०७३।०५।२९ मा विपक्षी कुलमान घिसिङलाई कार्यकारी निर्देशक नियुक्त गरेकोमा निजको ४ बर्षको पदावधि समाप्त भै मिति २०७७।०५।२८ मा निज प्राधिकरणको सेवा बाट अवकाश प्राप्त गरेको अवस्थामा निवेदक **NEA Engineering Company** काजमा खटिएको भएतापनि विद्युत प्राधिकरणमा कार्यरत कर्मचारीहरु मध्य सबै भन्दा वरिष्ठ कर्मचारीको रुपमा कायम थिए । तर आफ्नो काम संग मात्र सरोकार राख्ने प्रवृतीको व्यक्ती भएको र कुनै प्रकारको राजनैतिक दवाव प्रभावका लागी लविईङ नगर्ने भएको हुनाले निवेदक भन्दा कनिष्ठ श्री लेखनाथ कोइरालालाई कुलमान घिसिङको विदाइ पश्चात कार्यवाहक कार्यकारी निर्देशक बनाईएको थियो । प्राधिकरणको कार्यकारी निर्देशक **NEA Engineering Company** को संचालक समितिमा पदेन अध्यक्ष हुने भएको हुनाले वरियतामा म भन्दा तलको व्यक्ती म कार्यरत कम्पनीको संचालक समितिको अध्यक्ष भएको संस्थामा निजको मातहतको कार्यकारी निर्देशकको रुपमा काम गर्नु पर्दा मलाई अपमानबोध भएको हुनाले मैले तत्कालिन उर्जामन्त्री वर्षमान पुनलाई भेटी आफ्नो अवस्थाको जानकारी गराए पश्चात मलाई उक्त कम्पनीबाट काज फिर्ता गरी मिति

Scanned with CamScanner

२०७७।०७।२३ को माननिय मन्त्रि स्तरिय निर्णय अनुसार मलाई कार्यवाहक कार्यकारी निर्देशकको जिम्मेवारी प्रदान गरिएको थियो ।

१.५ मेरो योग्यता क्षमता समेतको मुल्यांकन गरी मिति २०७७।१०।२९ का दिन मलाई विपक्षी नेपाल सरकार मन्त्रि परिषदको मिति २०७७।१०।२६ को निर्णय अनुसार नेपाल विद्युत प्राधिकरण ऐन २०४१ को दफा १७ को उपदफा १ र कार्यकारी निर्देशक वा महाप्रवन्धकको सेवाको शर्त तथा सुविधा सम्वन्धि विनियमावली २०६१ (यसपछि विनियमाली मात्र भनिएको) मा कार्यकारी निर्देशकको पदावधि सरकारले निर्णय गर्दा उल्लेख भएबमोजिम हुने भनिए बमोजिम बढीमा ४ वर्षको अवधिको लागी नेपाल विद्युत प्राधिकरणको कार्यकारी निर्देशक पदमा नियुक्त गरिएको थियो । उक्त नियुक्तिको निर्णयमा कार्यादिशा, आवधिक कार्ययोजना, कार्य सम्पादन मुल्यांकनका आधार, पारिश्रमीक सेवाको शर्त दण्ड पुरस्कार र सेवाबाट हटाउने लगायतका विषय विपक्षी र मेरा बिचमा हुने कार्यसम्पादन सम्झौताको आधारमा हुने कुरा उल्लेख गरिएको थियो ।सोही आधारमा विपक्षी मन्त्रालयले मस्यौदा गरी पठाएको कार्यसम्पादन सम्झौतामा विपक्षी प्राधिकरणको संचालक समितिले केही परिमार्जनको सुझाव सहित सहमती दिए पश्चात मिति २०७७।१०।२८ राखिएको कार्यसम्पादन सम्झौता (Performance Contract) मिति २६ वैशाख २०७८ मा विपक्षि प्राधिरकरणको संचालक समिति र मेरा बिचमा सम्पन्न भयो। उक्त सम्झौताले मेरो सेवाको शर्त अन्तरगत मन्त्री परिषदले निर्धारण गरेको चार वर्षको पदावधिलाई सम्झौताको दफा ३.१ मा २९ माघ २०७७ देखी २८ माघ २०८१ सम्म कायम गर्यो । मन्त्री परिषदले बढीमा चार वर्ष भनी उल्लेख गर्नुको तात्पर्य कार्य सम्पादन सम्झौताको शर्त नं १०.४ बमोजिम कार्य सम्पादन मुल्यांकन गर्दा पहिलो र दोश्रो वर्षमा ५० प्रतिशत भन्दा कम अंक प्राप्त गरेमा वा तेश्रो वर्षमा मात्रै पनि ५० प्रतिशत भन्दा कम अंक प्राप्त गरेमा सम्झौता रद्द गरी सेवाबाट हटाउन

Scanned with CamScanner

सक्ने व्यवस्था राखीएको हुनाले विचमा नै सेवाबाट हटाउनु पर्ने परिस्थीतीलाई समेत ईंगित गरिएको हो ।

१.६ कार्य सम्पादन सम्झौताको शर्त नं १०.४ मा पहिलो मुल्यांकनको अवधि आर्थिक वर्ष २०७७।७८ को पांच महिना राखीएको भएतापनि पहिलो र दोश्रो वर्ष पुरेको मुल्यांकन नगरी कार्यकारी निर्देशकलाई कार्यसम्पादनको विवाद उठाई हटाउन नमिल्ने कुरा स्पष्ट छ । त्यसरी दुई बर्ष ५० प्रतिशत भन्दा कम अंक प्राप्त गर्ने कार्यकारी निर्देशकलाई हटाउनु परेको अवस्थामा पनि सुनवाईको मौका अनिवार्य रुपमा दिनुपर्ने व्यवस्था १०.४ मा रहेको छ ।मैले काम गरेको अवधिको एक आर्थिक वर्ष सम्म पनि पुरा भै सकेको अवस्था एकातर्फ छैन भने अर्को तर्फ मेरो कार्य सम्पादनलाई लिएर विपक्षीको तर्फबाट कुनै प्रश्न उठाईएको समेत छैन । मैले आफ्नो पुर्ण क्षमताको प्रयोग गरी आफ्नो दायित्व र कर्तव्यको पालना गरी नै रहेको थिए ।

१.७ नेपाल विद्युत प्राधिकरणको कार्यकारी निर्देशकको पद राजनितिक नियुक्तिको पद नभएको र यसको पदपुर्ति र बर्खास्ति राजनितिक पदमा जस्तो राजनितिक निर्णयको आधारमा हुन सक्तैन । यसको पदपुर्ति र बर्खास्ति वस्तुगत आधारमा कानुनको प्रकृया पुरागरेर मात्र गर्न सकिन्छ । यी सब कुरालाई वास्तानगरी विपक्षी मन्त्रालयमा राजनैतिक नेतृत्व परिवर्तन हुनासाथै विपक्षी माननिय मन्त्रीले मलाई बोलाई विपक्षी कुलमानलाई नै कार्यकारी निर्देशकको रुपमा ल्याउनु पर्ने बाध्यता भएको हुनाले राजिनामा गर्नका लागी मिति २०७८।०४।२ का दिन अनुरोध गर्नु भयो । मैले राजिनामा गरेको अवस्थामा मलाई अन्य आकर्षक नियुक्ती दिने प्रलोभन समेत देखाउनु भयो । मैले मेरो दक्षताको क्षेत्र सिमित भएको र आफ्नो सम्पुर्ण जीवनको श्रृजनशिल समय प्राधिकरणको सेवामा बिताई सकेको हुनाले प्राधिकरणको सेवाबाट राजिनामा गर्न नसक्ने स्पष्ट जवाफ दिएको थिए ।

८।

१.८ गर्दै क्रममा म बिदामा बसेको अवस्थामा मिति २०७८।०४।२७ का दिन ईमेलको माध्यमबाट विषय: उर्जा विशेषज्ञ सदस्य नियुक्ति भन्ने विषय राखि " नेपाल सरकार (मन्त्रिपरिषद) को मिती२०७८।०४।२५ को निर्णयानुसार तपाईलाई नेपाल विधुत प्राधिकरणको कार्यकारी निर्देशक पदमा खाईपाई आए सरहको पारिश्रमिक तथा सुविधा उपलव्ध गराउने गरी नेपाल विधुत प्राधिकरणबाट जल तथा उर्जा आयोगको उर्जा विशेषज्ञ सदस्य पद (नेपाल सरकारको विशिष्ट श्रेणि सरह)मा पुरा समय काम गर्नेगरी चार वर्षको लागी नियुक्ति गरिएको छ। जल तथा उर्जा आयोगको विशेषज्ञ सदस्य पदमा नियुक्ति हुनु भएकोमा हार्दिक बधाई छ। तपाईले नेपाल सरकारको उर्जा क्षेत्रमा महत्वपुर्ण योगदान पुर्याउनु हुनेछ "भन्ने अपेक्षा नेपाल सरकारले राखेको छ भनी मन्त्रालयका सचिव देवेन्द्र कार्किको हस्ताक्षर भएको पत्र मलाई प्राप्त भएको थियो। तलब सुविधा विद्युत प्राधिकरणको कार्यकारी निर्देशकको सरह भनिएता पनि मर्यादाक्रममा सोभन्दा माथिको विशिष्ट श्रेणीको पदमा नियुक्त गर्ने निर्णय गरेको कुराले मेरो विद्युत प्राधिकरणको कार्य सम्पादनमा कुनै खोट दोष नरहेको र नेपाल सरकार त्यसबाट सन्तुष्ट रहेको स्पष्ट छ।

१.९ उक्त पत्रमा उल्लेख गरिए बमोजिम मलाई उर्जा आयोगमा विशिष्ट श्रेणीको पदमा ४ बर्षको अवधिको लागी नियुक्त गर्ने नेपाल सरकार मन्त्री परिषदले निर्णय गरेको र मेरो तलव पारिश्रमीक सुविधा नेपाल विद्युत प्राधिकरणको कार्यकारी निर्देशकले प्राप्त गरे सरह नै हुने उल्लेख गरिएको रहेछ । नेपालको संविधानको धारा २९ को (४) मा भएको व्यवस्था बमोजिम "कसैलाई पनि निजको इच्छा विरुद्ध काममा लगाउन पाइने छैन" भन्ने अधिकारको उपभोग मैले पनि गर्न पाउने भएको हुनाले मेरो सहमती र जानकारी वेगर गरिएको उक्त नियुक्तीलाई अस्विकार गर्ने अधिकार मलाई रहेको छ। नयां

Scanned with CamScanner

नियुक्ती स्वीकार गरेको अवस्थामा विद्युत प्राधिकरणको कार्यकारी निर्देशक पदबाट आफुले राजिनामा दिनु पर्ने र सो वमोजिम राजिनामा नदिएको अवस्थामा विधुत प्राधिकरणको कार्यकारी निर्देशक पद रित्त नभएको अवस्थामा सोही पदमा अर्को व्यक्तिलाई कोही कसैले नियुक्ति गर्न सक्दैन र यस्तो गैह्रकानूनी कार्य कसैवाट गर्न हुदैन।

२. म विदामा बसेकोमा मलाई मेरो विद्युत प्राधिकरणको कार्यकारी निर्देशक पदबाट कुनै प्रकारले नहटाएको अवस्थामा र मैले राजिनामा नदिएको, मलाई नेपाल सरकारले मिति २०७७।१०।२६ मा मलाई कार्यकारी निर्देशक पदमा नियुक्ति गर्ने निर्णय कायम रहेको र सो निर्णय वदर नभएको, सो निर्णय बमोजिम मिति २०७७।१०।२७ को मेरो नियुक्ती र मिति २०७७।१०।२८ राखिएको कार्यसम्पादन सम्झौता (Performance Contract) मिति २६ बैशाख २०७८ मा विपक्षि प्राधिरकरणको संचालक समिति र मेरा विचमा सम्पन्न भएबमोजिम मेरो पदाधिकार यथावत रहेकोमा कार्यकारी निर्देशक पदमा विपक्षी कुलमान घिसिङलाई विपक्षी मन्त्री परिषदले नियुक्त गरेको र निज सो पदमा हाजिर रहेको कुरा छापा समाचार र नेपाल सरकारको स्वामित्वको रेडियो नेपाल, नेपाल टेलीभिजन र गोरखापत्र दैनिकमा प्रकाशित समाचारबाट म निवेदक आश्चर्यचकित भएको छु । एउटा पदमा दुई व्यक्ति रहन नसक्ने र मलाई गरिएको उर्जा आयोगको विज्ञको पदलाई मैले स्वीकार गरेको वा सहमती दिई सकेको अवस्था नहुदै अप्रत्यक्ष तवरमा मलाई नेपाल विद्युत प्राधिकरणको कार्यकारी निर्देशक पदबाट विस्थापित गर्ने उदेश्यले विपक्षी कुलमान घिसिङलाई उक्त पदमा नियुक्त गर्ने विपक्षीहरुको काम कारवाहीले निवेदकलाई संविधानको धारा १७ (२)(च) ले प्रदान गरेको पेशा रोजगारको स्वतन्त्रता, धारा १८ ले प्रदान गरेको कानूनको समान संरक्षणको हक, धारा २५ ले प्रदान गरेको सम्पत्तिको हक र धारा २९ (४)ले प्रदान गरेको इच्छा विरुद्ध काममा लगाउन नपाईने हक र नेपाल विद्युत

Scanned with CamScanner

प्राधिकरण ऐन २०४१ को दफा १७ को उपदफा १ ले प्रदान गरेको कानूनी हक समेतमा प्रत्यक्ष आघात पुगेको हुनाले मेरो पुर्व सहमती बेगर मलाई विपक्षी जल तथा उर्जा आयोगको विज्ञ सदस्य पदमा सरुवा/नियुक्त गर्ने मिति २०७८।०४।२५ को नेपाल सरकार मन्त्रि परिषदको निर्णय, मेरो पदस्थापना कायम नै रहेको नेपाल विद्युत प्राधिकरणको कार्यकारी निर्देशक पदमा विपक्षी कुलमान घिसिङलाई दोहोरो नियुक्ति दिने नेपाल सरकार मन्त्री परिषदको निर्णय र निजलाई नियुक्ती दिने लगायत विपक्षीहरुबाट भए गरेको सबै काम कारवाही तथा पत्राचार समेत नेपालको संविधानको धारा १३३(२)(३)बमोजिम उत्प्रेषणको आदेशले बदर गरी पाउ भनी देहायको प्रकरणमा उल्लेख भए बमोजिम यो निवेदन गरेको छु ।

३. मलाई मेरो पुर्व सहमती र इच्छा बेगर नेपाल सरकार जल तथा उर्जा आयोगको विज्ञ सदस्य पदमा कानून प्रतिकुल स्थानान्तरणको प्रभाव दिने गरी नियुक्त गर्ने र मलाई सेवाबाट नहटाई वा मैले राजिनामा नगरी मेरो कायम रहेको नेपाल विद्युत प्राधिकरणको कार्यकारी निर्देशक पदमा विपक्षी कुलमान घिसिङलाई नियुक्त गर्ने कार्य संवैधानिक तथा कानूनी आधारमा त्रुटिपुर्ण भएकोहुदा सो निर्णय तथा सो सम्बद्ध सबै कामकारवाही उत्प्रेषणको आदेशले बदरगरी मलाई मेरो साबिक बमोजिमको पदमानै काम गर्न दिनु र सो काममा पुर्णसहयोग गर्नु भनी विपक्षीहरुको नाममा परमादेश समेत जारी हुनुपर्दछ भन्ने सम्बन्धमा निम्न अनुसार निवेदन गर्दछु ।

३.१ विपक्षीहरुले मलाई नेपाल विद्युत प्राधिकरणको कार्यकारी निर्देशक पदबाट हटाउने र विपक्षी कुलमान घिसिङलाई नियुक्ति गर्ने पुर्व नियोजित योजना अनुसारनै मलाई राजिनामा गर्न दबाव दिएको भएतापनी मैले उक्त पदबाट राजिनामा नदिएको र सो पद रिक्त नभएको कुरा निर्विवादछ। मलाई प्रेषित गरिएको र मैले अहिलेसम्म स्वीकार नगरेको मिती२०७८।०४।२७ को पत्रमा

Scanned with CamScanner

मिती२०७८।०४।२५ को मन्त्रि परिषदको निर्णय अनुसार भनी मलाई विधुत प्राधिकरणवाट जल तथा उर्जा आयोगको उर्जा विशेषज्ञ सदस्य पदमा पुरा समय काम गर्नेगरी चार वर्षको लागी नियुक्त गरिएको भन्ने भाषाले मलाई सरुवा गरेको हो वा नियुक्ति गरेको भन्ने खुल्दैन।यसले मुलत मलाई विधुत प्राधिकरणवाट विस्थापीत गर्न खोजेको देखिएता पनी मैले सो नियुक्ति स्विकार नगरेसम्म मेरो साविक वमोजिमको पदाधिकार स्वत समाप्त हुन सक्दैन।सो पत्रमा समेत मेरो विधुत प्राधिकरणको कार्यकारी निर्देशकको पद रिक्त भएको भन्ने व्यवस्था उल्लेख छैन।यस्तोमा अर्को व्यक्ति सो पदमा नियुक्त हुन सक्दैन।विधुत प्राधिकरण ऐन २०४१ को दफा १७(१) तथा कार्यकारी निर्देशक वा महाप्रवन्धकको सेवाको शर्त र सुविधा सम्वन्धि विनियमावली २०६१ ले समेत कार्यकारी निर्देशक पदमा दुई जना एकै साथ कृयाशिल हुने व्यवस्था गरेको छैन।त्यसैले मेरो पदाधिकार कायम रहदा रहदै विपक्षी कुलमान घिसिङ्गलाई कार्यकारी निर्देशक पदमा नियुक्ति गर्न मिल्दैन।यस्तो कार्य कानून विपरित हुदा वदर भागी छ।

३.२ प्राधिकरणको कार्यकारी निर्देशक पदबाट मैले राजिनामा दिएको छैन भन्ने कुरा निर्विवाद छ । त्यसै गरी मलाई विपक्षी नेपाल सरकारले उक्त पदबाट सुनवाईको मौका प्रदान गरी कुनै कानूनी आधारमा हटाउने कुनै निर्णय गरेको छैन भन्ने कुरा समेत निर्विवाद छ । यस्तो अवस्थामा मेरो यथावत रहेको नेपाल विद्युत प्राधिकरणको कार्यकारि निर्देशक पदमा विपक्षी कुलमान घिसिङलाई नियुक्त गर्ने कार्य कानून र औचित्यको समेत प्रतिकुल रहेको छ । सम्मानित सर्वोच्च अदालतबाट विन्द्रा हाडा वि प्रधान मन्त्री तथा मन्त्रिपरिषदको कार्यालय समेत भएको अदालतको अवहेलना मुद्दामा "एउटै पदमा दुईजना व्यक्तिलाई काममा खटाउने गरी गरिएको व्यवस्था आफैमा प्रशासनिक पद र प्रतिष्ठासंग मेल नखाने व्यवहार हुने" सिद्धान्त प्रतिपादन भएको छ । उक्त सिद्धान्तको



Scanned with CamScanner

आधारमा समेत म कायम रहेको पदमा विपक्षी कुलमान घिसिङलाई नियुक्त गर्ने कार्य कानून प्रतिकुल हुँदा बदर भागी रहेको स्पष्ट छ।

३.३नेपाल विद्युत प्राधिकरण ऐनको दफा ३५ ले दिएको अधिकार प्रयोग गरि प्राधिकरणको मिती २०६७।०६।२७ को४२० औं बैठकले कार्यकारी निर्देशक वा महाप्रबन्धकको सेवाको शर्त तथा सुविधा सम्बन्धि विनियमावली २०६१ (यसपछि विनियमावली मात्र भनिएको) जारी गरेको थियो। सो विनियमावलीको नियम ३ देखि ६ को प्रावधानले महाप्रबन्धकको नियुक्ति प्रकृया निर्धारण गरेको छ भने नियम ९ मा कार्यकारी निर्देशकको नियुक्ति नेपाल सरकारबाट हुने व्यवस्था गरी त्यसरी नियुक्ति हुने कार्यकारी निर्देशकको पदावधि समेत सरकारले निर्णय गर्दा उल्लेख भए बमोजिम हुने भनिएको छ। जुनसुकै तवरले नियुक्ति भएको भएतापनी पदबाट हटाउने सम्बन्धमा नियम २२, २३ को व्यवस्था समान रुपमा लागु हुने व्यवस्था गरेको पाईन्छ। आफ्नो पदको काम वा जिम्मेवारी पुरा गर्न नसकेमा वा राजनितिमा भाग लिएमा वा भ्रष्टाचार गरेमा वा नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय पाएमा वा एकपटक पारिश्रमिक कट्टा हुने सजाय भैसकेपछि पुन सोही सजाय पाउने कार्य गरेमा मात्र मलाई कार्यकारी निर्देशक पदबाट नेपाल सरकारले सुनुवाईको मौका दिएर हटाउन सक्छ। यसरीनै मलाइ कार्यकारी निर्देशक पदमा नियुक्ति गर्दा निर्धारण भएको शर्त,कार्यदिश,आवधिक कार्ययोजना, कार्यसम्पादन मुल्यांकनका आधार, पारिश्रमीक सेवाको शर्त दण्ड पुरस्कार र सेवाबाट हटाउने लगायतका विषय विपक्षी र मेरा विचमा हुने कार्य सम्पादन सम्झौताको आधारमा हुने कुरा उल्लेख गरिएको थियो। सोही आधारमा मिति २०७७।१०।२८ राखिएको कार्यसम्पादन सम्झौता (Performance Contract) मिति २६ बैशाख २०७८ मा विपक्षि प्राधिरकरणको संचालक समिति र मेरा विचमा सम्पन्न भयो। तर मलाई कार्य सम्पादनको शर्त उल्लंघन भएको आधारमा वा अन्य कुनै आधारमा हटाईएको

छैन। यसबाट म नेपाल विद्युत प्राधिकरणको कार्यकारी निर्देशक पदमा पदाधिकार रहेको स्पष्ट भएको अवस्थामा सोही पदमा विपक्षी कुलमान घिसिङ्गलाई नियुक्ति गर्ने कार्य पुर्णत कानून विपरित छ।

३.४ मलाई हालसम्म न त नेपाल विद्युत प्राधिकरणको कार्यकारी निर्देशक पदबाट हटाईएको छ न मैले राजिनामा नै गरेको छु । तर मेरो कायम रहेको मलाई उक्त पदबाट हटाएको सरहको आचरण विपक्षी मन्त्रि परिषद र मन्त्रालयले गरेको छ । मलाई कार्य सम्पादन सम्झौताको दफा ३ को प्रकृया पुरयाई विचमा हटाएको वा मैले राजिनामा गरेको अवस्थामा बाहेक ४ बर्षको पदावधि अर्थात २८ माघ २०८१ सम्मको पदावधि निर्धारण गरेको छ । यसरी पदावधि तोकेको कुनै नियुक्तीमा त्यसरी नियुक्ती दिदा निर्धारण गरेको प्रकृया पुरा नगरी सुनवाईको मौका नदिई पदबाट हटाएको सरह असर हुने कुनै कार्य विपक्षीले गर्न सक्ने होइन ।मलाई विधुत प्राधिकरणको कार्यकारी निर्देशक पदमा नियुक्ति गर्दा तथा कार्य सम्पादन सम्झौता गर्दा मलाई अन्यत्र कतै नियुक्त गरी स्थानान्तरण गर्न सकिने कुनै प्रावधान राखिएको छैन।यस सम्वन्धमा विनियमावलीमा समेत कुनै व्यवस्था छैन।मलाई प्रत्यक्ष रुपमा सरुवा गर्ने कानून नभएको कारणले मलाई विधुत प्राधिकरणवाट हटाउने गरी अप्रत्यक्ष रुपमा मलाई जल तथा उर्जा आयोगमा नियुक्ति दिएको भन्ने देखिन्छ।जुन कार्य प्रत्यक्ष रुपमा गर्न मिल्दैन सो कार्य परोक्ष रुपमा समेत गर्न मिल्दैन ( नेकाप २०६६ अंक ९निनं ८२१७, नेकाप २०६४ अंक ७ निनं ७८६६ प्रकरण २८) भन्ने सर्वोच्च अदालतको स्थापीत मान्यता विपरित मलाई हटाईएको स्पष्ट छ।

३.५जल तथा उर्जा आयोग कानून वमोजिम स्थापना भएको छुट्टै संस्था हो।मिति २०४९/०३/१५ को निर्णय अनुसार नेपालराजपत्र २०४९/०३/१५मा सुचना प्रकाशन भई जल तथा शक्ति आयोग गठन आदेश वमोजिम गठन भएको यो संस्थालाई हाल नाम परिवर्तन गरी जल तथा उर्जा आयोग नामाकरण भएको हो।यस्तो संस्थामा नेपाल विधुत प्राधिकरणको कार्यकारी निर्देशक भई कार्यरत रहेको मलाई उर्जा विशेषज्ञ सदस्य पुरा समय काम गर्ने गरी चार वर्षलाई



Scanned with CamScanner

नियुक्ति गरिएको भनी अप्रत्यक्ष रुपमा विधुत प्राधिकरणबाट हटाउने उदेश्यले गरिएको कथित "नियुक्ती" कानून विपरित छ। सेवा सर्त सम्बन्धी कानूनमा आफ्नो सरुवा र काजको व्यवस्था भएकै अवस्थामा पनी पदाधिकार नभएको निकायमा नियुक्ती र हाजिर गराउने अधिकारी कसैलाई हुदैन। मन्त्रि परिषद्वारा मन्त्री कार्यकारी अधिकार सम्पन्न र नीतिगत निर्णय गर्न सक्षम भएपनि मन्त्रि परिषद्ले वा मन्त्रीले गर्ने निर्णय कानून अनुकूल तर्कसंगत, जायज, मनासिब र कारणले समर्थित हुनपर्छ। यदि मन्त्रि परिषद्को वा मन्त्रीको कुनै निर्णयलाई समर्थन गर्ने कानूनी आधार छैन भने त्यस्तो निर्णयले कुनै वैधता पाउन सक्दैन भनी वायुसेवा निगमको महाप्रवन्धकलाई मन्त्रालयमा सरुवा गर्ने निर्णयलाई अदालतले वदर गरेको छ। (नेकाप२०६७ अंक ६ निनं ८३९२) यसरी कानूनले कुनै एकपदमा रहेको व्यक्तिलाई सो पदवाट हटाउन सरुवा गरेर वा काजमा लगेर वा नया नियुक्ति दिएर जुनसुकै वहानामा कानून प्रतिकुलको अवस्था सृजना गरी पदमुक्त गर्न गराउन मिल्दैन। यस्तो कार्य पुर्णत कानून प्रतिकुल हुन्छ।

३.६ सम्मानित सर्वोच्च अदालतबाट रि नं ०६८-WO-०५९९ सुरेश प्रसाद यादव वि प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय समेत भएको उत्प्रेषण मुद्दामा ५जना न्यायाधिशको पुर्ण इजलासबाट २०६८।१२।१७ मा आदेश गर्दा "सार्वजनिक पदका लागि भएका नियुक्तिका सम्बन्धमा विचार गर्दा, अख्तियारप्राप्त अधिकारीद्वारा विधिसम्मत प्रक्रियाबाट भएको कुनै पनि निर्णयलाई विधिवत् चुनौती दिई सो बदर नभएसम्म त्यस निर्णयले कानूनी अधिकार र दायित्व सिर्जना गर्दछ । सार्वजनिक निकायमा सार्वजनिक पदाधिकारी नियुक्त गर्ने कानूनी अख्तियारी अन्तर्गत नेपाल सरकार वा नेपाल सरकारको कार्यसम्पादन नियमावलीद्वारा अख्तियारी प्राप्त भए अनुरूप भएका निर्णयलाई कानून प्रतिकूल भएको कामकारवाही मान्न मिल्दैन । त्यस्ता निर्णयबाट नियुक्ति पाउनेले तलव भत्ता समेतका सुविधा प्राप्त गर्दछ र राष्ट्रसेवकका रुपमा निजको दायित्व सिर्जना हुन्छ । सरकारको सञ्चालक मन्त्रिपरिषद् तथा मन्त्रीहरू हेरफेर हुँदैमा यसको निरन्तरता टुट्दैन र कानून बमोजिम अघिल्लो मन्त्रिपरिषद् वा मन्त्रीले गरेको

Scanned with CamScanner

निर्णयको जिम्मेवारी पछिल्लो मन्त्रिपरिषद् वा मन्त्रीले लिनुपर्दैन भन्न मिल्दैन । राज्य र सरकारको यही सम्बन्धको संवैधानिक तथा कानूनी प्रकृतिले नै शासन र सुशासनलाई निर्देशित गरिरहेको हुन्छ ।

नियुक्ति पाउनेले तोकिएको अवधिसम्म प्रचलित कानून अनुरूप काम गर्न पाउने र सो बापत तलव भत्ता सुविधा पाउने वैध अपेक्षा (Legitimate Expectation)राख्नु स्वाभाविक नै हुन्छ । ऐन, नियम, सूचित आदेश तथा निर्णय समेतबाट कुनै अवधि तोकी दिइएको नियुक्ति पत्रमा तोकिएको अवधिसम्म काम गर्न पाउने वैध अपेक्षा राख्न पाउने हक भएको व्यक्तिका हकमा विना कानूनी प्रक्रिया नियुक्ति कर्ताको ईच्छानुकूलताको सिद्धान्त (Doctrine of Pleasure ) क्रियाशील हुन सक्तैन ।सरकार वा सार्वजनिक पदाधिकारीका ईच्छा पनि कानून र न्यायका मान्य सिद्धान्तअनुरूप नै परिचालित हुनुपर्दछ ।निर्णय गरेपछि निर्णयकर्ता सरकार वा पदाधिकारी प्रतिज्ञात्मक विवन्धन (Promissory Estoppel)मा बाँधिन्छ । नियुक्ति पत्रमा "बढीमा" भन्ने शब्दका साथ अवधि तोकिएबाट जुनसुकै बेला पनि हटाइन सक्नेमानी निजको पदउपरको हक परित्याग गरेको अर्थात् समर्पण (Waive) गरेको भन्ने अर्थ लाग्न सक्तैन । प्रचलित कानून विरुद्ध काम कारवाही गरेमा, सम्बन्धित सार्वजनिक निकायका लागि कुनै योगदान दिन नसकेमा र निजलाई दिइएको जिम्मेवारी सुहाँउदो निजको योग्यता र अनुभव नभएमा नियुक्ति पत्रमा जे जस्तो भाषा लेखेर दिएको भएपनि नियुक्ति दिने अख्तियारवालाले अवकाश पनि दिन सक्ने नै हुन्छ । तर, अवकाश स्वेच्छाचारी र विनाकारण भने हुनु हुँदैन । सिर्जित कानूनी हकको समाप्ति विधि र प्रक्रिया अनुसार नै हुनुपर्दछ । निर्णय गर्न सक्षम निकाय वा पदाधिकारीले निर्णय गरी पदावधि तोकी वा कानूनमा नै पदावधि उल्लेख भएकोमा सो समेत नतोकी जे जस्तो रुपमा नियुक्ति दिइएको होस्, सो विधिवत् छ र चुनौती रहित छ भने त्यसबाट नियुक्ति पाउनेको कानूनीहक सिर्जना हुन्छ .....तर, मन्त्रिपरिषद् वा अख्तियारीप्राप्त मन्त्री समेतका


Scanned with CamScanner

निर्णयबाट सार्वजनिक निकायको स्थायी प्रकृतिका सार्वजनिक पदमा नियुक्ति पाई सो पदमा रहने समेतको कानूनी हक सिर्जना भएको व्यक्तिलाई के कति कारणले आफ्नो सेवाको अन्त्य गरिएको हो भन्ने जानकारी पाउने अधिकार रहन्छ । प्राकृतिक न्यायको सिद्धान्त यस्तो शाश्वत सिद्धान्त हो, जो कतै लेखिनु पर्दैन । प्राकृतिक न्यायको सिद्धान्त लागू नहुने अवस्थाको कल्पना विधि कर्ताले गर्यो भने त्यसलाई प्रष्ट शब्दमा सम्बन्धित कानूनमा नै लेखिनु पर्दछ । कसैलाई अवकाश समेतका माध्यमबाट निजको सेवाको अन्त्य गर्नुपूर्व निजलाई सो बारेका आरोपका कारण खोली प्रष्टीकरण सोधिनु पर्ने हुन्छ र निजले प्रस्तुत गरेको प्रष्टीकरणको वस्तुगत मूल्याङ्कन गरी सो चित्त बुझ्दो र उचित नपाइएमा आधार र कारण खोली सम्बन्धित व्यक्तिलाई अवकाश वा बर्खास्त समेतका माध्यमले सेवाको अन्त्य गरिएको निर्णय गर्नुपर्ने हुन्छ । अन्यथा त्यस्तो निर्णयलाई स्वेच्छाचारी मान्नुपर्ने हुन्छ ।"भन्ने सिद्धान्त प्रतिपादन गरिएको छ । जसबाट मलाई रितपुर्वक सुनवाईको मौका नदिई प्राकृतीक न्यायको सिद्धान्त विपरीत नया पदमा नियुक्ती गरेको देखाई पदस्थापना कायम रहेको पदबाट विस्थापित गर्ने कार्य सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादीत सिद्धान्तको समेत प्रतिकुल छ।

३.७ मैले नेपाल सरकारले नियुक्त गरेको विपक्षी प्राधिकरणको कार्यकारी निर्देशकको पद स्वेच्छाले स्वीकार गरेको हुं । तर मलाई नियुक्त गरिएको भनिएको उर्जा आयोगको विज्ञ पदमा नियुक्ती गर्नु पुर्व न त मसंग परामर्श गरिएको थियो न मेरो सहमती लिने वा जानकारी दिने काम नै गरिएको थियो । संविधानको धारा २९(४) अनुसार मेरो इच्छा विपरीतको कुनै काममा मलाई लगाउन पाइदैन । अच्युत कृष्ण खरेल वि नेपाल सरकार मन्त्रीपरिषद समेत भएको उत्प्रेषण मुद्दामा कुनै कर्मचारीलाई उ सेवारत रहेको संस्था बाहिर उसको अवकाश भएको अवस्थामा वा उसको सहमती वेगर अन्यत्र सरुवा गर्न नसकिने सिद्धान्त सम्मानित सर्वोच्च अदालतको पुर्ण इजलासबाट प्रतिपादन गरिएको छ । ( २०५४ सालको रि पु ई नं ५६ स अ बु २०५५ पुर्णाङ्क १४५ पृष्ठ २ निर्णय मिति २०५५।०३।१९) जसको आधारमा मलाई विद्युत प्राधिकरण बाहिर मेरो



Scanned with CamScanner

सहमती वेगर स्थानान्तरण गर्न नमिल्ने स्पष्ट छ । अत: माथि उल्लेखित आधारहरुबाट मेरो कायम रहेको महाप्रबन्धक पदमा विपक्षि कुलमानलाई नियुक्त गर्ने मन्त्रिपरिषदको निर्णय र सो निर्णयको आधारमा जारी गरिएको पत्र र कामकारवाही समेत पुर्णत कानून प्रतिकुल हुन्छ।

४. एउटा पदमा दुई व्यक्ति रहन नसक्ने र मलाई गरिएको उर्जा आयोगको विज्ञको पदलाई मैले स्वीकार गरेको अवस्था नंहुदै अप्रत्यक्ष तवरमा मलाई नेपाल विद्युत प्राधिकरणको कार्यकारी निर्देशक पदबाट विस्थापित गर्ने उदेश्यले विपक्षी कुलमान घिसिङलाई उक्त पदमा नियुक्त गर्ने विपक्षीहरुको कामकारवाहीले सो पदमा रहि सेवा गर्ने र विधुत प्राधिकरणको नेतृत्व गर्ने मेरो वैध अपेक्षामा प्रतिकुल असरपरेको छ।यसवाट निवेदकलाई संविधानको धारा१७(२)(च) ले प्रदान गरेको पेशा रोजगारको स्वतन्त्रता,धारा १८ ले प्रदान गरेको कानूनको समान संरक्षणको हक, धारा२५ले प्रदान गरेको सम्पत्तिको हक र धारा २९(४)ले प्रदान गरेको इच्छा विरुद्ध काममा लगाउन नपाईने हक, नेपाल विद्युत प्राधिकरण ऐन२०४१ कोदफा १७ को उपदफा१ले प्रदान गरेको कानूनी हक र कार्यकारी निर्देशक वा महाप्रवन्धकको सेवाको शर्त तथा सुविधा सम्वन्धि विनियमावली २०६१ले प्रदान गरेको कानूनी हक समेतमा प्रत्यक्ष आघात पुगेको हुनाले मेरो पुर्व सहमती वेगर मलाई विपक्षी जल तथा उर्जा आयोगको विज्ञ सदस्य पदमा सरुवा/नियुक्त गर्ने मिति २०७८।०४।२५ को नेपालसरकार मन्त्रि परिषदको निर्णय, मेरो पदस्थापना कायमनै रहेको नेपाल विद्युत प्राधिकरणको कार्यकारी निर्देशक पदमा विपक्षी कुलमान घिसिङलाई दोहोरो नियुक्ति दिने नेपाल सरकार मन्त्री परिषदको निर्णय र निजलाई नियुक्ती दिने लगायत विपक्षीहरुवाट भए गरेको सवै काम कारवाही तथा पत्राचार समेत नेपालको संविधानको धारा१३३(२)(३)बमोजिम उत्प्रेषणको आदेशले बदर गरी पाउ र मलाई साविक वमोजिमको पदमा यथावत रुपमा काममा लगाउनु सो

Scanned with CamScanner

काममा पुर्ण सहयोग गर्नु भनी विपक्षीहरुको नाममा परमादेश लगायत जो चाहिने आदेश जारी गरी पाऊ।

५. मेरो सहमती वेगर मलाई विपक्षी जल तथा उर्जा आयोगको विज्ञ सदस्य पदमा नियुक्त गर्ने र विपक्षी कुलमान घिसिङलाई मेरो पदाधिकार नटुटेको र कायम रहेको विपक्षी प्राधिकरणको कार्यकारी निर्देशक पदमा नियुक्त गर्ने निर्णयबाट मेरो उक्त पदमा रहि काम गर्ने मेरो अधिकारमा आघात पुगनगै मलाई अपुरणिय क्षति हुने भएको हुनाले मिति २०७८।०४।२५ को नेपाल सरकार मन्त्रिपरिषदको अबैधानिक निर्णय,कुलमान घिसिङलाई नियुक्त गर्ने नेपाल सरकार मन्त्रिपरिषदको निर्णय र सो निर्णयको आधारमा भएका सम्पुर्ण पत्राचार कार्यान्वयन नगर्नु र मलाई विद्युत प्राधिकरणको कार्यकारी निर्देशक पदमा काम गर्न दिनु दिलाउनु भनी श्री सर्वोच्च अदालत नियमावलीको नियम ४९ बमोजिम अन्तरीम आदेशसमेत जारी गरी पाऊ।

६. संलग्न कागजात :

१. मिती २०७८।०४।२७ गतेको उर्जा विशेषज्ञ पदमा नियुक्ति गरेको पत्रको प्रति लिपि ...१

२. मिती २०७७।१०।२९ गतेको कार्यकारी निर्देशक पदमा नियुक्ति सम्वन्धि पत्रको प्रतिलिपी .... १

३. मिती २०७८।०१।२५ गतेको परफरमेन्स कन्ट्राक्टको प्रतिलिपी ... १

४. मिती २०७७।०७।२३ को का.मु. कार्यकारी निर्देशक पदमा नियुक्ति गरिएको पत्रको प्रतिलिपी ... १

५. विपक्षी कुलमान घिसिङ्गलाई कार्यकारी निर्देशक पदमा नियुक्ति दिएको समाचार र नीजले पद वहाली गरेको पत्रपत्रिकामा प्रकाशित समाचारहरु

६. नागरिकताको प्रमाणपत्रको प्रतिलिपी ... १

निवेदक नीज वारेस प्रेम काफ्ले

ईति सम्वत २०७८ श्रावण ३२ गते रोज २ शुभम



Scanned with CamScanner